"गुणस्तरीय शिक्षा आजको आवश्यकता"

# अमर माध्यमिक विद्यालय

काठेखोला गाउँपालिका–५ बिहुँकोट, बागलुङ

स्था : २०२२

## विद्यालयको ५९ औँ वार्षिकोत्सव समारोहमा प्रस्तुत

# वार्षिक प्रगति प्रतिवेदन २०८१


प्रतिवेदक

भिष्म कँडेल

प्रधानाध्यापक


मिति २०८१/१०/२१ गते सोमबार

## वार्षिक प्रगति प्रतिवेदन २०८१

मिति : २०८१ माघ २१ गते सोमबार

श्री गणेशाय नम :

## ५९ औं वार्षिकोत्सव समारोह तथा अभिभावक दिवस, २०८१

### १. पृष्ठभूमि

अमर माध्यमिक विद्यालयको ५९ औं वार्षिकोत्सव समारोह एवम् अभिभावक दिवसका सभापति विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्री ज्ञामनाथ कँडेलज्यू, विद्यालयका संस्थापक अध्यक्ष पूर्व सांसद श्री गोविन्द प्रसाद शर्मा कँडेलज्यू, प्रमुख अतिथि काठेखोला गाउँपालिकाका अध्यक्ष श्री राजु थापाज्यू, विशिष्ट अतिथि काठेखोला गाउँपालिका प्रमुख प्रशासकिय अधिकृत चुर्ण वहादुर कार्कीज्यू, शिक्षा अधिकृत श्री रमा उचैज्यू, श्री श्री मेहर गणका गणपति धन राना मगरज्यू, संस्थापक सदस्यज्यूहरू, जग्गादाता एवं चन्दादाताज्यूहरू, अक्षयकोषका संस्थापकज्यूहरू, विभिन्न कार्यालयबाट पाल्नु भएका कार्यालय प्रमुख तथा प्रतिनिधिज्यूहरू, उपस्थित जनप्रतिनिधीज्यूहरू, छिमेकी विद्यालयका प्रधानाध्यापक तथा प्रतिनिधिज्यूहरू, विभिन्न राजनीतिक दलका प्रमुख एवं प्रतिनिधीज्यूहरू, भू.प. तथा वर्तमान वि.व्य.स.,पि.टि.ए.का अध्यक्ष एवम पदाधिकारीज्यूहरू, भू.पू. प्र.अ. एवं शिक्षक मित्रहरू, भू.पू. विद्यार्थीहरू, मञ्चासिन शिक्षाप्रेमी एवं भद्र ब्यक्तित्वहरू, पत्रकारज्यूहरू, सुरक्षाकर्मी लगायत उपस्थित सम्पूर्ण अभिभावकज्यूहरू, सहकर्मी शिक्षक तथा कर्मचारी साथीहरु तथा प्यारा विद्यार्थी भाइबहिनीहरु,

सर्वप्रथमत आज यस विद्यालयको ५९ औं वार्षिकोत्सव समारोह एवम अभिभावक दिवस तथा वसन्त पञ्चमीको पावन अवसरमा यस विद्यालयको स्थापना र विकासमा महत्वपूर्ण योगदान गर्नुहुने ज्ञात अज्ञात दिवङगत आत्माहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । साथै यस गरिमामय समारोहमा उपस्थित सम्पूर्ण शिक्षाप्रेमी महानुभावहरूलाई विद्यालयको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत एवं सम्मान व्यक्त गर्दछु । साथै आ.व. २०८०।०८१ को विद्यालयको वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

### २. विद्यालय विकासको संक्षिप्त इतिहास

बागलुङ जिल्ला काठेखोला गाउँपालिका वडा नं ५, विहुँकोट, पोखरामा अवस्थित सयौ विद्यार्थीहरुको मस्तिष्कमा चेतनाको संचार गर्दै नमुनाको पथमा निरन्तर गतिशिल उन्मुख यस विद्यालयले आफ्नो स्थापनाका ५९ औं वसन्त पार गरी हिरक वर्ष तर्फ प्रवेश गर्न लागेको सुखद अवसरमा विद्यालय विकासक्रमको गौरवमय इतिहासलाई पुनःस्मरण गराउन पाउँदा म आफूलाई अत्यन्तै भाग्यमानी ठानेको छु ।

२०२२ सालको माघ महिनामा यस क्षेत्रका सामाजिक व्यक्तित्व तथा पूर्व सांसद गोविन्द प्रसाद कँडेलको नेतृत्वमा शिक्षा प्रेमी आम जनसमुदायको अथक मेहनत र साधनाबाट श्री अमर मिडिल स्कुल सेतिचौरको नाममा यस विद्यालयको स्थापना भएको थियो । स्थापनाकाल देखि नै शैक्षिक, भौतिक, व्यवस्थापकीय र आर्थिक अनेकौ समस्या एवं चुनौतिहरुको सामना गर्दै समाजको चाहना र आवश्यकता अनुसार आफुँलाई निरन्तर सुधार र स्तरोन्नती गर्ने सन्दर्भमा मिति २०२६।०८।२७ मा निम्न माध्यमिक तह अर्न्तगत कक्षा ४-७ र मिति २०३६।10।04 मा प्राथमिक तह कक्षा १-3 को पठनपाठन संचालनका लागि अनुमति प्राप्त गर्न सफल भएको थियो । स्तरोन्नतीक दौरानमा मिति २०३७।१२।१९ मा कक्षा ८, २०३९।१२।२४ मा कक्षा ९ र २०40।04।१७ मा कक्षा 10 संचालनका लागि

अनुमति प्राप्त गरे पछि विद्यालय कक्षा १ देखि १० सम्म पठनपाठन हुने माध्यमिक विद्यालयको रुपमा विकास भएको थियो । यस विद्यालयले २०४० सालमा पहिलो पटक एस.एल.सी. परीक्षामा विद्यार्थीहरुलाइ सहभागी गराएको थियो ।

२०४९ साल देखि देशैभरी तत्कालिन उच्च माध्यमिक तहको पठनपाठन सञ्चालन गर्ने लहर चले पछि यस क्षेत्रका विद्यार्थी एवं अभिभावकहरुको माग र चाहना अनुरुप मिति २०५४।०३।१८ मा कक्षा ११ र १२ सञ्चालनको लागि अनुमति प्राप्त गरी कक्षा सञ्चालन गर्न सफल भएको थियो । शिक्षा ऐन २०२८ को सातौं संसोधनले बाल विकास केन्द्रलाई विद्यालय संरचनाभित्र समायोजन गरेपश्चात विद्यालयको मातहतमा रहेको उज्ज्वल बाल विकास केन्द्र पनि विद्यालयमा समाहित भई हाल विद्यालयय बाल विकास देखि कक्षा १२ सम्म सञ्चालनमा रहेको छ ।

२०७३ सालमा नेपाल सरकारले अघि सारेको नमुना विद्यालय विकास कार्यक्रम अन्र्तगत वागलुङ जिल्ला क्षेत्र नं १ बाट सर्वोत्कृष्ट अंक प्राप्त गर्दै नमुना विद्यालय विकासका लागि सूचिकृत भएको यस विद्यालयले पञ्च वर्षिय नमुना विद्यालय विकास गुरूयोजना निर्माण गरी थुप्रै शैक्षिक, भौतिक र व्यवस्थपकीय कार्यक्रमहरु सम्पन्न गरिसकेको छ । त्यसैगरी आव २०८०।०८१ देखि २०८५।०८६ सम्मका लागी दोस्रो पञ्चवर्षिय नमुना विद्यालय विकास, विद्यालय सुधार गुरूयाजना निर्माण गरि कार्यान्वयनको चरणमा रहेको छ । हाल यसै योजना अन्तरर्गत दोस्रो वर्षका कार्यक्रमहरु संचालनमा रहेका छन ।

वि.सं २०२२ सालमा यस विद्यालय स्थापना गर्दा देखि नमुना विद्यालय विकासको यस समयसम्म आइपुग्दा प्रत्यक्ष एवं परोक्ष सहयोग गर्नुहुने यस क्षेत्रका शिक्षाप्रेमी अभिभावकज्यूहरु, सामाजिक व्यक्तित्वहरु, वि.व्य.स, शि.अ.स, सा.ले.प समितिका पदाधिकारीज्यूहरु, भु.पु विद्यार्थीहरु शिक्षक तथा कर्मचारीज्यूहरु र विद्यार्थी भाइवहिनीहरु एवं सुभचिन्तक सवैप्रति हार्दिक आभार व्यक्त गर्दछु।

सभापति महोदय !

विद्यालय राष्ट्र निर्माणका कर्णधार उत्पादन गने पवित्र सामाजिक सस्था हो । देशको भविश्य यिनै विद्यार्थीहरुले प्राप्त गर्ने शिक्षाको गुणस्तर माथि निर्भर रहन्छ । गुणस्तरीय जनशक्ति उत्पादन गर्न हाम्रा विद्यालयहरुलाई गुणस्तरीय रुपमा विकास गर्नु आवश्यक छ । यसको लागि अभिभावक, शिक्षक र विद्यार्थीबिच पारस्परिक सहयोगात्मक र सुमधुर सम्वन्धको विकास हुनु जरुरी छ । हिजोको परम्परागत पद्धतिमा परिवर्तन गर्दै शिक्षक, विद्यार्थी, अभिभावक, लगायतको सोच, चिन्तन र कार्यशैलीमा फेरबदल ल्याउनुपर्ने छ । यसका लागि विद्यालयसँग सरोकार राख्ने सम्पूर्ण महानुभावहरुबाट साथ र सहयोगको अपेक्षा राख्दछु । साथै यहाँहरुको अमूल्य सहयोग, सल्लाह र सुझावको निरन्तरताको लागि हार्दिक आग्रह समेत गर्दछु ।

## ३. वर्तमान अवस्था

सभापति महोदय !

आफ्नो संघर्षशिल जीवनका ५८ औं वर्षहरु पार गरी आज ५९ औं वार्षिकोत्सवको यस क्षणसम्म आइपुग्दा विद्यालयले शैक्षिक, भौतिक र व्यवस्थापकिय सुधारका क्षेत्रमा थुप्रै कार्यहरु सम्पन्न गरेको छ । विद्यालयले हाल सञ्चालन गरेका केहि प्रमुख असल अभ्यासहरु प्रस्तुत गर्न चाहन्छु ।

## क. शैक्षिक पक्ष :

१. शैक्षिक सत्र २०८१ मा बाल विकास कक्षा देखि कक्षा १२ सम्म १७० जना छात्रा र १९० जना छात्र गरी कुल ३६० जना विद्यार्थीहरु यस विद्यालयमा अध्ययन गरिरहेका छन । त्यस मध्ये १३६ जना दलित विद्यार्थीहरु रहेका छन भने ५९ जना जनजाती विद्यार्थीहरु रहेका छन। यसको विस्तृत विवरण अनुसूची ३ मा उल्लेख गरिएको छ।

२. चालु शैक्षिक सत्र २०८१ मा यस विद्यालयमा ४९ जना नयाँ विद्यार्थी भर्ना भएको व्यहोरा जानकारी गराउन चाहन्छु। यस वर्ष कक्षा ८ को गाउँपालिका स्तरोय परीक्षामा ३० जना, माध्यमिक शिक्षा परीक्षा (SEE) मा ३६ जना र कक्षा १२ को वोर्ड परीक्षामा ५१ जना विद्यार्थीहरु सहभागी हुँदै छन।

३. विद्यार्थीको सर्वाङ्गीण विकासको लागि विद्यार्थीहरुलाई ४ सदनमा विभाजन गरी सदनात्मक र तहगत रुपमा अतिरिक्त क्रियाकलाप संचालन गर्ने कार्यलाई निरन्तरता दिइएको छ।

४. विद्यार्थिहरुको बहु-आयामिक विकासका लागि शैक्षिक क्यालेण्डर अनुसार तहगत रुपमा शुक्रवासरीय विविध अतिरिक्त क्रियाकलापहरु संचालन हुदै आइरहेका छन। यि कार्यक्रमहरुमा उत्कृष्ट हुने विद्यार्थीहरुलाई थप प्रोत्साहन प्रदान गर्ने कार्यलाई निरन्तरता दिइएको छ।

५. विद्यालयबाट लिइने प्रत्येक परीक्षा पछाडी नतिजा प्रकाशन तथा विश्लेषणका साथै अभिभावक भेला आयोजना गर्ने गरिएको छ। जसबाट विद्यार्थीका कमीकमजोरी सुधारगर्न महत्वपूर्ण सहयोग पुग्ने गरेको छ ।

६. सिकाई उपलब्धी वृद्धि गर्नका लागि बाल विकास कक्षा, केजी कक्षा र कक्षा १ देखि १२ लाई ४ तहमा विभाजन गरो तहगत संयोजकको जिम्मेवारी प्रदान गरिएको छ ।

७. शिक्षण सिकाइलाई समयानुकुल एवं सूचना प्रविधि मैत्री रुपमा सञ्चालन गर्ने अभिप्राय अर्न्तगत कक्षा ९-१२ मा मल्टिमिडिया (प्रोजेक्टर)को स्थायी व्यवस्थापन गरी नियमित सञ्चालनमा ल्याइएको छ भने वाल विकास देखि कक्षा ८ सम्म स्मार्ट टिभि मार्फत शिक्षण सिकाइका कार्यहरु संचालन गरिएको छ।

८. यस विद्यालयमा अध्ययनरत वाल विकास कक्षा देखि कक्षा ६ सम्मका सम्पूर्ण विद्यार्थीहरुलाई पोषणयुक्त दिवा खाजाको व्यवस्था गरिएको छ। जसमा नेपाल सरकारले उपलब्ध गराउने आर्थिक स्रोतबाट नपुगेको रकम विद्यालयको आन्तरिक स्रोतबाट बहन हुनेगरी ब्यवस्थापन गरिएको छ।

९. आर्थिक अवस्था कमजोर भएका तथा जेहेन्दार विद्यार्थीहरुको सिकाइ सहजिकरण गर्नका लागि विद्यालयमा स्थापित अक्षयकोष र शैक्षिक कल्याण कोष मार्फत विद्यार्थीहरुलाई पुरस्कृत गर्ने गरिएको छ।

१०. शैक्षिक सत्रको शुरुमा सप्ताहव्यापी संयुक्त शिक्षक स्टाफ वैठकको आयोजना गरि अघिल्लो शैक्षिक सत्रको समिक्षा तथा नयाँ शैक्षिक सत्र भर गरिने कार्यक्रमहरुको योजना निर्माण गर्ने, शिक्षण सिकाइ सामग्री निर्माण कार्यशाला संचालन गर्ने जस्ता कार्यहरुलाई निरन्तरता दिइएको छ।

११. "शिक्षक तथा कर्मचारीको कार्यसम्पादन मूल्याङकन कार्यविधि २०७८" निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ। विद्यार्थीको सिकाइ नतिजाको आधारमा शिक्षक मुल्याङ्कन गरी शिक्षकहरुलाई प्रभावकारि शिक्षण प्रति थप प्रोत्साहित र उत्तरदायी बनाउने

परिपाटीको ब्यवस्था गरिएको छ । साथै विद्यार्थीको सिकाई सुधारको लागि शिक्षक र प्र.अ. बीच कार्यसम्पादन करार सम्झौता गर्ने पद्धतीलाई निरन्तरता दिइएको छ ।

१२. शिक्षकको अनुपस्थितिमा खाली पिरियडलाई व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिइएको छ ।

१३. शिक्षकहरूको कक्षामा विताउने समय व्यवस्थापन कार्यविधि २०७४ अनुसार शिक्षकले कक्षामा विताउने समयलाई अभिलेखिकरण गर्नका लागि विद्यार्थी लगबुक निर्माण गरी कार्यान्वयन गरि शिक्षक स्टाफ वैठकमा सो को विश्लेषण गर्ने गरिएको छ ।

**ख. भौतिक पक्षः**

१. २०७४ सालमा नमुना विद्यालयको रुपमा सुचिकृत भए पश्चात यस विद्यालयले ५ वर्षे नमुना विद्यालय विकास, विद्यालय सूधार गुरुयोजनाको निर्माण गरी शैक्षिक, भौतिक तथा ब्यवस्थापकीय सुधारका कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ । यस कार्यक्रम अन्तरगत नौ कोठा सहितको तीन तले प्रि-स्कुल व्लक, वाह्र कोठा सहितको तीन तले एकेडेमीक व्लक निर्माण सम्पन भइसकेका छन भने छ कोठा सहितको तीन तले पुस्तकालय तथा प्रयोगशाला भवन निर्माण सम्पन्न गरिएको छ ।

२. प्रि-स्कुल ब्लक माथिको हलमा यसै विद्यालयका पूर्व शिक्षक गोकुल कार्किको आर्थिक सहयोगमा अमर आर्ट संग्रहालयको निर्माण कार्य अन्तिम चरणमा रहेको छ ।

३. पुरानो भवन अर्न्तगत रहेको प्रशासनिक तथा लेखा कक्षलाई मर्मत सम्भार गरी आधुनिक रूपमा व्यवस्थापन गरिएको छ ।

४. काठेखोला गाउँपालिकाको पालिका स्तरीय मन्टेश्वरी तालिम केन्द्र निर्माण गर्ने कार्यक्रम अर्न्तगत यसै विद्यालयको पुरानो भवनलाई सवलिकरण गरी निर्माण कार्य अघि वढाइएको छ ।

५. यसै वर्ष वि.वाइ.सी. वागलुङ र विद्यालयको आन्तरिक श्रोतवाट ६ वटा वालमैत्री धारा निर्माण सम्पन्न गरिएको छ ।

६. इडियु टिच र कर्मा फलाइट फाउन्डेशन तथा काठेखोला गाउँपालिका वडा नं. ५ को कार्यालय र विद्यालयको आन्तरिक श्रोतमा २० वटा कम्प्युटर सहितको सुविधा सम्पन्न कम्प्युटर ल्याव निर्माण सम्पन्न गरिएको छ ।

७. विद्यालयमा रहेका मौजुदा पुराना शौचालयहरूलाई मर्मत सम्भार गरी थप ब्यवस्थित गराउने कार्य सम्पन्न गरिएको छ ।

८. विद्यालय हाता भित्र सवारी पार्क निर्माण सम्पन्न गरिएको छ ।

**ग. ब्यवस्थापकिय पक्ष :**

१. विद्यालयको मेरुदण्डको रुपमा आर्थिक कारोवार रहेको हुन्छ । समग्र आर्थीक कारोवारलाई चुस्त, दुरुस्त र पारदर्शी वनाउनको लागी प्रचलित शिक्षा ऐन तथा नियावली अनुसार प्रत्येक वर्षको भदौ मसान्त भित्र सामाजिक लेखा परिक्षण र पौष मसान्तसम्म अन्तिम लेखा परीक्षणको कार्य सम्पन्न गरिएको छ ।

२. विद्यालयको आर्थिक पारदर्शितालाई चुस्त दुरुस्त वनाउन EMIS संग जोडिएको School Accounting Software लाइ प्रयोगमा ल्याइएको छ ।

३. विद्यालयको शैक्षिक, प्रशासनिक, भौतिक, आर्थिक तथा व्यवस्थापकिय कार्यक्रम सम्पादनका लागि "अमर माध्यमिक विद्यालयको आन्तरिक विनियम २०७५" निर्माण गरि कार्यान्वयनमा ल्याइएको छ।

४. यस विद्यालयमा हाल वाल कक्षा देखि कक्षा १२ सम्म २३ जना शिक्षक, १ जना लेखापाल, २ जना विद्यालय कर्मचारी, १ जना वाल विकास सहजकर्ता र १ जना ठुलीदिदि गरी कुल २८ जना शिक्षक तथा कर्मचारीहरू रहको छ । यसको विस्तृत विवरण अनुसूची ४ मा उल्लेख गरिएको छ।

५. आर्थिक तथा सामाजिक रुपमा पिछडिएका, गरिब, दलित, छात्रा तथा जेहेन्दार विद्याथींहरूलाइ सिकाइ सहजिकरणका लागी विद्यालयमा स्थापित अक्षयकोषहरूको व्याज तथा विद्यालयको आन्तरीक स्रोत समेतको प्रयोगबाट विभिन्न शीर्षकमा छात्रवृत्ति वितरण गर्ने कार्यलाई निरन्तरता दिइएको छ।

६. प्रत्येक महिनाको अन्तिम दिन र महिनाको दोस्रो हप्ताको शुक्रवार शिक्षक तथा कर्मचारीका नियमित मासिक वैठक बसी विविध शैक्षिक विषयमा अन्तरक्रिया गर्ने कार्यक्रमलाई निरन्तरता दिदै आइएको छ।

७. विद्यालयका सूचनाहरूलाई व्यवस्थीत गर्न तथा विद्यार्थी, अभिभावक र समुदाय समक्ष पुर्‍याउने उदेश्यले सूचना अधिकारीको व्यवस्था, वेवसाइट, फेसवुक पेज, युटुभ च्यानल संचालनमा ल्याइएको छ।

८. विद्यार्थीहरूको नतिजा अभिभावक समक्ष पुर्याउन र विद्यालय अभिभावक विचको सम्वन्धलाई थप सुमधुर वनाउन काठेखोला गाउँपालिकाको आर्थिक सहयोगमा स्माट स्कुल सफटवेयर संचालनमा ल्याइएको छ।

९. काठेखोला गाउँपालिकाको आर्थिक सहयोगमा स्मार्ट स्कुल सर्फटवेयर मार्फत शिक्षकहरूको विद्युतिय हाजिरी संचालन गरिएको छ।

१०. विद्यालयको परिसर तथा कक्षाकाठाको अनुगमनका लागी ३२ वटा सिसिक्यामेरा मार्फत अनुगमन गर्ने व्यवस्था गरिएको छ।

११. आ.व. २०८०।०८१ को सामाजिक प्रतिवेदन अनुसार विद्यालयको शैक्षिक, भौतिक, व्यवस्थापयिक र आर्थिक पक्षको विश्लेषण गरी कुल ९४ अंक प्राप्त गरेको छ।

१२. विद्यालयको समग्र व्यवस्थापन गर्नका लागी प्रचलित शिक्षा ऐन तथा नियमावलीका आधारमा मिति २०८० वैशाख २० गते विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको गठन गरिएको छ। उक्त विद्यालय व्यस्थापन समितिको अध्यक्ष यस समारोहका सभापति श्री ज्ञामनाथ कँडेल र शिक्षक अभिभावक संघका अध्यक्ष तेजमाया पुन घर्ति रहनुभएको छ।

१३. आर्थिक वर्ष २०८०।०८१ मा १९ पटक विद्यालय व्यवस्थापन समितिको वैठक वसी विद्यालयको सर्वागिण व्यवस्थापनका निर्णयहरू गरेको छ। विद्यालयको वातावरण र शिक्षण क्रियाकलापकका सम्वन्धमा १२ पटक शिक्षक अभिभावक संघको वैठक वसी विभिन्न निर्णयहरू गरेको व्यहोरा जानकारी गराउन चाहान्छु।

## घ. आर्थिक पक्ष :

विद्यालयलाई सफल र गतिशिल बनाउनका लागि सो संस्थाको आर्थिक अवस्था सुदृढ हुनु जरुरी छ। यस विद्यालयको आ.व २०८०।०८१ को समाजिक परीक्षण मिति २०८१ श्रावण २९ गते र लेखा परीक्षण २०८१ पौष २० गते सम्पन्न भएको छ।

आर्थिक वर्ष २०८०/८१ को लेखा परीक्षण प्रतिवेदन अनुसार यस विद्यालयको कुल आम्दानी दुइ करोड तेतीस लाख सत्र हजार एक सय सतासी रुपैया तीस पैसा (२,३३,१७,१८७.३०), अघिल्लो आ.व २०७९/०८० को बचत दुइ करोड अडसठ्ठी लाख उन्साठी हजार सात रुपैयाँ पैसा एकानव्वे (२,६८,५९,००७.९१) गरी यस आर्थिक वर्ष सम्मको कुल जम्मा आम्दानी पाँच करोड एक लाख छहत्तर हजार एक सय पञ्चान्नब्वे रुपैया पैसा एक्काइस (५,०१,७६,१९५.२१) रहेको छ।

आर्थिक वर्ष २०८०/८१ मा शैक्षिक, भौतिक र व्यवस्थापकिय पक्षमा दुइ करोड वैसठठी लाख उन्पचास हजार तीन सय पैसठठी रुपैयाँ अडचालिस पैसा (२,६२,४९,३६५.४८) खर्च भएको छ। यस आर्थिक वर्ष सम्ममा दुइ करोड उन्चालिस लाख छव्वीस हजार आठ सय उनन्तीस रुपैयाँ, तीहत्तर पैसा (२,३९,२६,८२९.७३) वचत रहेको कुरा जानकारी गराउन चाहन्छु।

वचत रकम मध्ये नेपाल वैक लिमिटेड स्थित चल्ती खातामा एकचालीस लाख पाँच हजार एक सय छपन्न रुपैयाँ पैसा वयानन्वे (४१,०५,१५६.९२), सि.वाइ.सि.को चल्ती खातामा उन्सत्तरी हजार छ रुपैयाँ पैसा चौध (६९,०००६.१४), नेपाल वैकको मुद्धती खातामा एक करोड पचास लाख रूपैया (१,५०,००,०००.००), लगानीमा विस लाख छव्वीस हजार सत्र रुपैयाँ (२०,२६,०१७.००) रहेको छ। त्यस्तै विद्यालयमा स्थापना भएका विभिन्न अक्षयकोषको रकम सत्ताइस लाख छव्वीस हजार छ सय पचपन्न रुपैया (२७,२६,६५५) लगानीमा रहेको छ। आ.व. २०८०/८१ को कूल करोवारमा जम्मा पाँच रुपैयाँ  त्यातीस पैसा न्युन रकम (५.३३) रहेको छ। आ.व. २०८०।८१ सम्ममा यस विद्यालयको कुनैपनि वेरुजु रहेको छैन।

यस विद्यालय नमुना विद्यालय विकास कार्यक्रममा सूचिकृत भए पश्चात २०७४।७५ देखि आ.व. २०७९।०८० सम्म नमुना विद्यालय विकास विद्यालय सूधार गुरुयोजना निर्माण गरो सो योजना अनुसारका कार्यक्रमहरु सम्पन्न गरिसकेको छ। नमुना विद्यालय विकास कार्यक्रम अन्तरगत आ.व. २०७५।०७६ देखि आ.व. २०७९।८० सम्म भौतिक पूर्वाधार निर्माण तर्फ छ करोड विस लाख पचासी हजार (६,२०,८५,०००) र शैक्षिक तथा व्यवस्थापकिय पक्षको सुद्धणीकरणका लागी एक करोड पैतिस लाख असी हजार (१,३५,८०,०००) गरो कूल सात करोड छपन्न लाख पैसठठी हजार (७,५६,६५,०००) आम्दानी भएको व्यहोरा जानकारी गराउन चाहन्छु।

नभुना विद्यालय विकास कार्यक्रम अन्तरर्गत भौतिक पक्षका लागी प्राप्त आम्दानी रकमवाट विद्यालयको प्रिस्कुल र एकेडेमीक भवन निर्माणका लागी चार करोड तेतीस लाख वहत्तर हजार उन्पचास रुपैयाँ (४,३३,७२,०४९) र पुस्तकलय तथा प्रयोगशाला भवन निर्माणमा रु दुइ करोड छ लाख उन्चालिस हजार नौ सय असी (२,०६,३९,९८०) गरी कूल जम्मा छ करोड चालिस लाख वाह्र हजार उनन्तीस रुपैयाँ (६,४०,१२,०२९) खर्च भएको छ।  शैक्षिक तथा व्यवस्थापनकिय पक्षका लागी प्राप्त रकम सत प्रतिशत नै खर्च भएको व्यहोरा जानकारी जानकारी गराउन चाहन्छु।

चालु आर्थिक वर्ष देखि नमुना विद्यालयको भौतिक पूर्वाधार शिर्षकमा रकम प्राप्त नहुने  शैक्षिक तथा व्यवस्थापनकिय क्षेत्रका लागी मात्रै केही रकम विनियोजन हुने समेत जानकारी गराउन चाहान्छु। विद्यालयमा भए गरेका आर्थिक कारोवारहरुको विस्तृत विवरण अनुसुची १ मा उल्लेख गरिएको र विवरण अध्ययन गरि सल्लाह सुझावको अपेक्षा गर्दछु।

## ४. विद्यालयले हाँसिल गरेका विशेष उपलब्धिहरु

आदरणिय समापति महोदय ! अव म यस विद्यालयको ५८ औं वार्षिकोत्सव समारोह पश्चात हालसम्म  विद्यालय बाहिर भएका कार्यक्रममा सहभागीता भइ यस विद्यालयले हासिल गरेका उपलव्धीहरुको जानकारी गराउन चाहन्छु :

१. काठेखोला गाउँपालिकाद्वारा लिइएको शैक्षिक सत्र २०८० को कक्षा ८ को उपवल्धी परीक्षामा यस विद्यालयकी छात्रा अंकिता किरण पौडेलले गाउँपालिकामा प्रथम स्थान हासिल गरेको साथै सवैभन्दा वढि विद्यार्थी सहभागी गराएर औषत उपलब्धीमा विद्यालयले दोस्रो स्थान हासिल गरेको कुरा जानकारी गराउन चाहान्छु।

२. राष्ट्रिय परीक्षा वोड परिक्षा नियन्त्रण कार्यालयद्वारा संचालित २०८० सालको माध्यमिक शिक्षा परीक्षा $(SEE)$ मा ७०.४५ प्रतिशत विद्यार्थी उत्तिर्ण गराइ काठेखोला गाउँपालिकामा उत्कृष्ठ नतिजा हासिल गर्न सफल भएको छ।

३. राष्ट्रिय परीक्षा वोडद्वारा संचालन गरिएको २०८० सालको कक्षा १२ का वार्षिक परीक्षामा नियमित तर्फ ९५.५७ प्रतिशत विद्यार्थीहरु उत्तिर्ण हुन् सफल भएका छन। उक्त परीक्षामा यस विद्यालयका छात्र विशाल कँडेल ३.५७ जिपिए सहित काठेखोला प्रथम र छात्रा तुलसी कँडेल ३.५१ जिपिए सहित काठेखोला द्धितिय स्थान हासिल गर्न सफल भएका छन ।

४. मिति २०८१ असार ५ गते नेपाल स्काउट स्थानिय समिति काठेखोला गाउँपालिकाद्वारा आयोजित आधारभूत तह (कक्षा ६-८) स्तरिय वक्तृत्वकला प्रतियोगितामा प्रथम स्थान हासिल गर्न सफल भएको छ।

५. मिति २०८१ भाद्र २० गते जापान समाज विहुँकोटद्धारा आयोजित खुला तिजगित प्रतियोगितामा प्रथम स्थान हासिल गर्न सफल भएको छ।

६. मिति २०८१ भाद्र २९ गते काठेखोला गाउँपालिकाद्वारा ६० औं राष्ट्रिय वाल दिवसको अवसरमा आयोजित आधारभुत तह (कक्षा ६-८) स्तरिय निवन्ध लेखन प्रतियोगितामा प्रथम स्थान र आधारभूत तह (कक्षा ४-५) स्तरिय हस्तलेखन प्रतियोगितामा दोस्रो स्थान हासिल गर्न सफल भएको छ।

७. मिति २०८१ पौष १७ र १८ गते काठेखोला गाउँपालिकाद्वारा आयोजित छैटौं राष्ट्रपति रनिङशिल्ड प्रतियोगितामा १८ स्वर्ण र ४ रजत पदक सहित विद्यालयको इतिहासमा प्रथम पटक राष्ट्रपति रनिङशिल्ड प्राप्त गर्न सफल भएको छ।

८. मिति २०८१ माघ ११ गते इन्द्रेणी जनसास्कृतिक समुहद्धारा आयोजित खुला सामुहिक नृत्य प्रतियोगितामा प्रथम स्थान हासिल गर्न सफल भएको छ।

९. मिति २०८१ माघ ११ गते लक्ष्मी माध्यमिक विद्यालय धम्जाको ४४ को वार्षिकोत्सवको अवसरमा आयोजित लोकतारा प्रतियोगितमा प्रथम स्थान र छात्र भलिवल प्रतियोगितामा द्धितिय स्थान हासिल गर्न सफल भएको छ।

यस प्रकार विद्यालयवाट विभिन्न संघ सस्थाहरुले आयोजना गरेका कार्यक्रमहरुमा क्रियाशिलताका साथ सहभागी भइ विभिन्न शैक्षिक तथा अतिरिक्त क्षेत्रमा विद्यालयको गरिमालाई थप उचाइमा पुर्याउनुहुने विद्यार्थी भाइवहिनिहरु, कार्यक्रममा सहभागी गराउन अनवरत सहयोग गर्नुहुने अतिरिक्त क्रियाकलाप समिति लगायत सम्पूर्ण शिक्षक कर्मचारीहरुमा विशेष धन्यवाद ज्ञापन गर्दछु।

## ५. विद्यालयमा संचालित केहि प्रमुख रचनात्मक कार्यहरु

सभापति महोदय

यस विद्यालयले यस वर्ष विभिन्न संघ सस्थाको सहयोगमा गरेका रचनात्मक कार्यहरुको वारेमा जानकारी गराउन चाहान्छु।

१. जिल्ला प्रहरी कार्यालय वागलुङ र धम्जा प्रहरी चौकीको सहकार्यमा यस विद्यालयका माध्यमिक तहका विद्यार्थीहरुलाई ट्राफिक सचेतना कार्यक्रम सम्पन्न गरिएको छ।

२. DIRDC को आर्थिक तथा प्राविधिक सहयोगमा यस विद्यालयका वाल विकास देखि कक्षा १२ सम्मका सम्पूर्ण विद्यार्थीहरुलाई पहिलो चरणमा *Brush at School* कार्यक्रम सम्पन्न भएको छ भने दोस्रो चरणमा आखाँ शिविर संचालन गरि विद्यार्थीहरुका आखाँ परिक्षण गरिएको छ।

३. विहुँ उपस्वास्थ चौकीद्वारा विद्यालयमा अध्ययनरत छात्रा विद्यार्थीहरुका लागी महिनावारी सम्वन्धी सचेतना, आत्महत्या न्यूनिरकण सम्वन्धी परामर्श, नाक, कान घाटी सरसफाइ लगायत विद्यार्थी तथा शिक्षक कर्मचारीहरुको नियमित स्वास्थ परीक्षण गर्ने कार्यक्रम भइरहेको छ । साथै विद्यालयमा आवश्यक प्राथमिक स्वास्थ उपचारका सामाग्रीहरु नियमित रुपमा उपलव्ध गराउदै आइरहेको छ।

४. *Edutech* र *Karma Flight* को प्राविधिक सहयोगमा विद्यालयका विद्यार्थी र शिक्षकका लागी १ महिने आइसिटि सम्वन्धी आधारभूत तालिम सम्पन्न भएको छ। जसवाट शिक्षण सिकाइमा *ICT* को प्रयोग स्तरमा उल्लेखनिय प्रगति भएको छ।

५. *VSO* नेपाल तथा GYC वागलुङको आर्थिक सहयोगमा यस विद्यालयमा अध्ययरत प्राथमिक तहका गरिव तथा विपन्न विद्यार्थीहरुका लागी विद्यालय पोशाक, झोला, स्टेशनरी लगायत खेलकुका सामाग्रीहरु सहयोग स्वरुप प्राप्त भएको छ।

विद्यालयमा यस्ता विभिन्न कार्यक्रमहरु संचालन, शैक्षिक सामाग्री वितरण, स्वास्थ परापर्श लगायतका कार्यहरु गरि सहयोग गर्नुहुने सबैमा विद्यालय परिवार आभार व्यक्त गर्दछ।

## ५. पुरस्कार तथा सम्मान

अमर माध्यमिक विद्यालयले विगतका वर्षहरुवाट आफना नानिवावुहरुको हेरचाह तथा विद्यार्थीको शैक्षिक अवस्थाको वारेमा निरन्तर विद्यालयमा आइ शिक्षकहरुसंग छलफल गर्ने, विद्यालयले गरेका उपलव्धीहरुका वारेमा समुदायमा प्रचार प्रसार गर्ने अभिभावकज्यूहरु मध्येवाट हरेक वर्ष एक जना अभिभाववकलाई सम्मान गर्दै आइरहेको छ । यस वर्ष पनि यस विद्यालयको शिक्षक स्टाफबाट सिफारिस भइ विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार यस विद्यालयका सचेत अभिभावक श्री कमला वि.क.ज्यूलाई सम्मान गर्ने निर्णय गरेको कुरा जानकारी गराउन चाहन्छु।

यस विद्यालयले आन्तरिक विनियम २०७५ अनुसार हरेक वर्ष एक जना शिक्षकलाइ सम्मान गर्दै आइरहेको सन्दर्भमा यस वर्ष विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार विद्यालयको शैक्षिक तथा प्रशासनिक क्षेत्रमा उत्कृष्ठ कार्य गर्नुभएकोमा शिक्षक माध्यमिक तह शिक्षक श्री अग्नीराज जोशीज्यूलाई सम्मान गर्ने निणंय भएको कुरा जानकारी गराउन चाहन्छु।

आफनो प्राज्ञिक जिवनका करीब ३९ वर्ष यसै विद्यालयमा व्यतित गरी शिक्षक, लेखा शिक्षक, निमित प्रधानाध्यापक, सहायक प्रधानाध्यापक र का.मु. प्रधानाध्यापकको रुपमा समेत कुशल सेवा प्रदान गरी उमेर हदका कारण सेवा निवृत हुनुभएका शिक्षक श्री रघुपति शर्माज्यूलाई विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार यस समारोहको अवसरमा विदाई गरिदै छ। विदाई हुनुहुने मेरा अग्रज पूर्व का.मु. प्र.अ. श्री रघपति शर्माज्यूको सेवा निवृत जिवन सुखद रहोस शुभकामना व्यक्त गर्दछु।

विद्यालयमा अध्ययरत विद्यार्थीहरुको सिकाइ सहजिकरणका लागि यस विद्यालयमा अक्षयकोष तथा शैक्षिक कल्याण काष स्थापना गरिएको छ । हालसम्म विद्यालयमा जम्मा १६ वटा अक्षयकोष स्थापना भएका छन । साथै १ वटा शैक्षिक कल्याण कोष स्थापना भएको कुरा जानकारी गराउन चाहान्छु । यस अक्षयकोष कोषको रकमवाट यस विद्यालयका माध्यमिक तह (कक्षा ११-१२) वाट १२ जना माध्यमिक तह (कक्षा ९-१०) वाट २२ जना आधारभूत तह (कक्षा ६-८) वाट१६ जना गरि कुल जम्मा ५० जना विद्यार्थी पुरस्कृत हुदै हुनुहुन्छ । भने सावित्रि सापकोटा शैक्षिक कल्याण कोषको रकम वाट ५ जना विद्यार्थी पुस्कृत गरिने कुरा जानकारी गराउन चाहान्छु । यस समारोवाट पुरस्कृत हुने विद्यार्थीहरुलाई हार्दिक वधाइ एवं आगामी दिनहरुमा थप शैक्षिक सफलता र उज्जवल भविश्यको कामना गर्न चाहन्छु ।

## ६. भावि कार्यक्रमहरू

सभापति महोदय ! अब म विद्यालयले तय गरेका केहि प्रमुख भावि कार्यक्रमहरुको बारेमा जानकारी गराउन चाहन्छु ।

### क) शैक्षिक कार्यक्रमहरू :

१. शैक्षिक गुणस्तर वृद्धि तथा विद्यार्थी अनुशासन कायम राख्नका लागि सबभन्दा बढि विद्यालयमा उपस्थीत भइ आफनो वाल वालिकाको वारेमा जानकारी लिई आवश्यक पृष्ठपोषण प्रदान गर्ने अभिभावक मध्येबाट १ जना र विद्यालयको उत्कृष्ट शिक्षक तथा कर्मचारिहरु मध्येवाट १ जनालाई वार्षिकोत्सव समाराहमा पुरस्कृत गर्ने योजनालाई निरन्तरता दिइनेछ ।

२. शिक्षक, विद्यार्थी र अभिभावक बिच हुने शैक्षिक अन्तरक्रिया, घरदैलो तथा अभिभावक भेटघाट,गोष्ठि जस्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३. शैक्षिक गुणस्तर वृद्धि गर्न आवश्यक शैक्षिक सामग्री निर्माण, संकलन तथा खरिद गरीनेछ ।

४. विज्ञान प्रयोगशालालाई नयाँ भवनमा स्थानान्तरण गरि अझ व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

५. सबै कक्षाकोठाहरुमा सूचना प्रविधिमा आधारित शिक्षण सिकाइको लागि आवश्यक पर्ने पूर्वाधारको पूर्ण व्यवस्थापन गरी गुणस्तरीय सिकाइको सुनिश्चतता गरिने छ ।

### ख) भौतिक कार्यक्रमहरू:

१. विद्यालय घेराबारको लागि सहयोग स्रोतको खोजी गरी निमार्ण कार्य गरिने छ ।

२. विद्यालयमा हुने कार्यक्रमहरुका लागी व्यवसथित मञ्च निर्माणका लागी सहयोग दाताहरुको खोजी गरी योजना अगाडी वढाइनेछ।

### ग) ब्यवस्थापकिय कार्यक्रमहरू :

१. विद्यालयको आर्थिक पारदर्शितालाई चुस्त दुरुस्त वनाउन इमिस संग जोडिएको सास सफटवेयरको थप प्रभावकारी रुपमा प्रयोग गरिने छ ।

२. पुस्तकालयलाई नयाँ भवनमा स्थानान्तरण गरि अझ व्यवस्थित र प्रभावकारी रुपमा संचालन गर्न कर्मचारी र पुस्तकहरुको व्यवस्था गरी नियमित रुपमा विद्यार्थीहरु पुस्तकालयमा वसी अध्ययन गर्ने वातावरण तयार गरिनेछ ।

३. शिक्षकहरुलाई आफनो पेशाप्रति उत्तरदायी र कर्तव्यपरायण बनाउन कार्य सम्पादनमा आधारित मूल्याङकन प्रणालीको प्रयोग गरिने छ । कार्यसम्पादन नतिजामा उत्कृष्ट हुने शिक्षकहरुलाई पुरस्कृत गर्दै जाने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

## ६. धन्यवाद ज्ञापन

म यस विद्यालयको ५९ औं वार्षिकोत्सव तथा अभिभावक मेला २०८१ को अवसरमा आफनो व्यस्तताको बाबजुद पनि हामीलाई आफनो अमूल्य समय प्रदान गर्नुहुने प्रमुख अतिथिज्यू, संस्थापक सदस्यज्युहरु, विशिष्ट अतिथिज्युहरु, अन्य अतिथिज्यूहरु, अभिभावकज्यूहरु, विशिष्ट चन्दादाताज्युहरु, जग्गादाता ज्युहरु, अक्षयकोषका संस्थापकज्युहरु, राजनैतिक दलका प्रमुख एवं प्रतिनिधीज्युहरु, समाजसेवी, शिक्षाप्रेमी, वि.व्य.स., पि.टि.ए. सुरक्षाकर्मी, पत्रकार लगायत सम्पूर्ण महानुभावहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु।

वि.सं २०२२ सालमा तत्कालिन कठिन परिस्थितिमा विद्यालय स्थापना गर्नेहुने श्रदेय संस्थापक अध्यक्ष गोविन्द प्रसाद शर्मा कँडेलज्यु, सदस्यहरु स्व.प्रजापति कँडेल, स्व.कमलापति कँडेल, स्व.हरिलाल वि.क. श्री टेकनारायण श्रेष्ठज्यू, स्व.मणिराज श्रेष्ठ, स्व.विष्णु प्रसाद कँडेल, स्व.चण्डीप्रसाद कँडेल, स्व.खगराज कँडेल, श्री जयलाल कँडेलज्यू, श्री हर्कमान वि.क.ज्यू, स्व.जगवहादुर घर्ति, स्व.पुर्ण वहादुर काउचा, श्री शशिधर कँडेलज्यू, स्व.वालकृष्ण कडेल, स्व.नन्दराम कँडेल, स्व.वलिभद्र कँडेल, स्व.गौरिश्वर कँडेल, स्व.देविप्रसाद कँडेल, श्री गौरिश्वर कँडेल ज्यू, स्व.सु जयभद्र कँडेल, श्री हर्क वहादुर पुनज्यू, स्व.पशुपति कँडेल संस्थापक सहयोगी श्री भानुभक्त सुवेदीज्यू, स्व.कृपासुर पुन, स्व.टेक वहादुर पुन, स्व.डन्डपानी न्यौपाने, स्व. दुर्गादत्त कँडेल लगायतका शिक्षाप्रेमी अभिभावकहरुप्रति हार्दिक सम्मान व्यक्त गर्न चाहन्छु।

जुन ठाँउमा आज करिव ४00 विद्यार्थीहरु रमाइरहेका छन, यस्तो पवित्र भूमि दान गर्नुहुने स्व.रतन कँडेल र स्व. नन्दलाल कँडेलको आत्माको चिर शान्तिको कामना गर्दै भावपर्ण श्रदाञ्जली अर्पण गर्न चाहन्छु।

विद्यालय स्थापना कालदेखि हालसम्म विद्यालय व्यवस्थापन समितिका अध्यक्षको जिम्मेवारी कुशलतापुर्वक वहन गर्नुहुने संस्थापक अध्यक्ष श्री गोविन्द प्रशाद शर्मा कँडेलज्यू, स्व.वालकृष्ण कँडेल, स्व.चन्डिप्रसाद कँडेल, श्री विष्णुप्रसाद कँडेलज्यू, स्व.खगराज कँडेल, स्व.प्रजापति शर्मा, स्व.कमलापती कँडेल, श्री देविलाल कँडेलज्यू, श्री नविनप्रसाद कँडेलज्यू, श्री महेन्द्र पुनज्यू, श्री कृष्णप्रसाद कँडेलज्यू, श्री शिवप्रसाद कँडेलज्यू, वर्तमान व्यवस्थापन समितिका अध्यक्ष श्री ज्ञामनाथ कँडेलज्यु धन्यवादका पात्र हुनुहुन्छ।

त्यसैगरी विद्यालयका संस्थापक पधानाध्यापक भिमसेन प्रसाद श्रेष्ठ एवं त्यस पश्चात विद्यालय प्रशासनको कुशलताका साथ जिम्मेवारि वहनुहुने प्रधानाध्यापकहरु क्रमशःश्री गजेन्द्रवहादुर के.सो.ज्यू, स्व.चिरन्जीवी उपाध्याय, श्री सोमनाथ नेवाज्यू, स्व.कलानिधी कँडेल, श्री भवानी पान्डेज्यू, श्री माधवप्रसाद गौतमज्यू, स्व.दिलवहादुर श्रेत्री, श्री हरिभक्त कँडेलज्यू, श्री केशवप्रसाद कँडेलज्यू, श्री हरिप्रसाद कँडेलज्यू र हालै सेवा निवृत हुनुभएका पूर्व का.मु. प्र.अ. श्री रघुपति शर्माज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु।

स्थापना कालदेखी विद्यालयको व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, सहयोग समिति, सामाजिक परोक्षण समितिका विभिन्न ओहोदामा रही विद्यालयको सर्वाङ्गीण विकासमा योगदान पुऱ्याउनुहुने सम्पुर्ण शिक्षाप्रेमी अभिभावकज्युहरुमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु।

विद्यालयलाई कठिन परिस्थितिमा धनधान्याञ्चल मार्फत आर्थिक सहयोग जुटाई संजिवनी प्रदान गर्नुहुने व**हमलिन श्री १००८ राष्ट्रसन्त स्वामी परमानन्द सरस्वती जी महाराज,** २०४८ सालमा सम्पन्न विद्यालयको १२ कोठे भवन निर्माणमा आर्थिक सहयोग जुटाइदिनुहुने अमेरीकन नागरिक केन पम्फोर्ड र सिर्जना शाक्यज्य, उक्त भवन निमार्णका क्रममा देउसी भैलो कार्यक्रम मार्फत आर्थिक संकलन कार्यमा रातदिन खटिनु भएका समाजसेवि, वि.व्य.स, शिक्षक, विद्यार्थी भाइवहिनिहरु धन्यवादका पात्र हुनुहुन्छ। विद्यालय स्थापनाकालदेखि हालसम्म विभिन्न समयमा विद्यालयका भवन निर्माण समितिका विभिन्न पदमा रहेर विशिष्ट योगदान पुऱ्याउनुहुने शिक्षाप्रेमी अभिभावकज्यप्रति आभार व्यक्त गर्न चाहान्छु।

काठेखोला गाउँपालिका-५, विहुँकोट, लामराती स्थायी घर भइ हाल अमेरीकामा रहनुभएका यस विद्यालयका पूर्व विद्यार्थी श्री सावित्री सापकोटाज्यूबाट यस विद्यालयमा अध्ययनरत गरिब तथा पढाइप्रति रुचि भएका ५ जना विद्यार्थीहरुका लागि ५000 का दरले १0 वर्षका लागि वार्षिक रु २५,000 को **सावित्रि सापकोटा शैक्षिक कल्याण कोष** स्थापना गर्नुभएको छ । विद्यार्थीको सिकाइ सहजिकरणका लागि शैक्षिक कल्याणकोष स्थापना गर्ने व्यक्तित्वहरुलाई विद्यालयको तर्फबाट हार्दिक धन्यवाद दिदै उज्ज्वल भविश्यको कामना गर्दछु।

विद्यालयको सर्वोपरी हितलाई ध्यानमा राखी विद्यालयको विकासका लागि आफनो आम्दानीको अंश चडी रु ५,५५,५५५ राशिको रविचन्द्र अक्षयकोषका संस्थापक ऋषिराम कँडेलज्यू, रु ५,00,000 राशिको सुवेदी वालगौरी स्मृति अक्षयकोषका संस्थापक त्रय विष्णुदत्त सुवेदी, गौरिशंकर सुवेदी र दिपक सुवेदीज्यू, रु ३,0३,३१५ राशिका कमलापती आनन्द स्मृती शैक्षिक अक्षयकोषका संस्थापक यज्ञप्रसाद, कृष्ण प्रसाद कँडेलज्यू, रु ३,00,000 राशिको ठु.मणिभद्र अक्षयकोषका संस्थापक त्रय लिला कँडेल, कमल कँडेल र जीवन कँडेलज्यू, रु २00,000 राशिको तुलसीदेवि स्मृति अक्षयकोषका संस्थापक ज्ञामनाथ कँडेल, भिमकान्त कँडेल र भुमनाथ कँडेलज्यू, रु १,११,१११ राशिको शुसिला-पृथ्वीराज अक्षयकोषका संस्थापक भूमिराज कँडेलज्यू, रु १,0६,000 राशीका खिमानन्द हरिकला अक्षयकोषका संस्थापकद्वय हिमलाल कँडेल र टंक प्रसाद कँडेलज्यू,रु १,0५,000 राशिका पदमपानी वसुन्धरी चन्द्रकला स्मृति अक्षयकोषका संस्थापक तुल्सीराम कँडेलज्यू, रु १,0१,१११ राशीको प्रमानन्द, नन्दकुमारी, नन्दकली स्मृति अक्षयकोषका संस्थापक विष्णु प्रसाद कँडेलज्यू, रु १,00,000 राशिकोतुलसीराम अम्वीका अक्षयकोषको संस्थापक द्वय हिमलाल गैरे र नन्दकली गैरेज्यू, रु १00000 राशीको डण्डपानी-देउकली अक्षयकोषका संस्थापक खिमानन्द न्यौपानेज्यू, रु १00000 राशिको प्रसिद्धि कँडेल अक्षयकोषका संस्थापक प्रसिद्धि कँडेलज्यू, रु ५१,१११ राशिका गुणाखर जमुना स्मृति अक्षयकोषका संस्थापक खिमानन्द कँडेलज्यू, रु २५१00 राशिको अमृता स्मृति अक्षयकोषका संस्थापक स्व. तुलसीराम कँडेल, रु २५000 राशिका जगपति सरस्वती स्मृति अक्षयकोषका संस्थापक नारायण प्रसाद कँडेलज्यू र रु २५000 राशिका पदमनाथ सापकोटा अक्षयकोषका संस्थापक पदमनाथ सापकोटाज्यू लगागत यहाँहरुको सकल परिवारप्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु।

यस विद्यालयका पूर्व विद्यार्थी एवं शिक्षकहरु जो स्वदेश वा विदेशमा रहेर विद्यालयको शैक्षिक, भौतिक, आर्थिक उन्नयनको लागि महत्वपूर्ण योगदान पुऱ्याउनु भएको छ तपाईहरू प्रति अमर माध्यमिक विद्यालय हार्दिक सम्मान व्यक्त गर्न चाहन्छ। साथै विद्यालयले आगामी दिनहरुमा पनि विभिन्न क्षेत्रबाट यस्तै साथ, सहयोग र सदभावको अपेक्षा राख्दछ।

२०७४ सालमा यस विद्यालय नमुना विद्यालय विकासको लागि छनौट हुने सन्दर्भमा थुप्रै व्यक्तित्वहरूबाट सहयोग प्रप्त भएको थियो। यस क्रममा सहयोग गर्नुहुने संस्थापक अध्यक्ष श्री गोविन्द्र प्रसाद कँडेलज्यू, पुर्व संसद श्री प्रकाश पौडेलज्यू, ने.का. नेता तथा तत्कालिन शिक्षा मन्त्री गोपालमान श्रेष्ठज्यू, वर्तमान गण्डकी प्रदेश मूख्यमन्त्री श्री सुरेन्द्र पाण्डेज्यू, तत्कालिन जिल्ला शिक्षा अधिकारो श्री विष्णुप्रसाद मिश्रज्यू, जि.शि.का. वागलुङका शाखा अधिकृत श्री लोकनाथ आचार्यज्यू, विद्यालय निरिक्षक श्री प्रकाश ओभ्फाज्यू, विहुँकोट अन्तराष्ट्रिय समाजका अध्यक्ष श्री देविलाल सुवेदीज्यू, संरक्षक श्री दिपक सुवेदीज्यू, सह-संरक्षक द्वय श्री लिलाधर कँडलज्यू, श्री डि.पि. कँडेलज्यू, प्रति हार्दिक आभार व्यक्त गर्न चाहान्छु। त्यसैगरि नमना विद्यालयको गुरूयोजना निमार्ण तथा हाल सम्मका योजनाहरू र प्रतिवेदनहरू तयारमा अहोरात्र खटिई सहयोग गर्नुहुने शिक्षकहरू श्री शंकरप्रसाद कँडेल, श्री दामोदर पौडेल, श्री यज्ञ प्रसाद शर्मा,तत्कालिन शिक्षक श्री धर्मराज पन्थी, श्री अग्नीराज जोशी, प्रति आभार तथा धन्यवाद व्यक्त गर्न चाहन्छु।

यस विद्यालयको परिसरमा स्वर्गिय माता शान्ति देविको पुण्य स्मृतिमा सरस्वती मन्दिर निर्माण गर्नुहुने उहाँका जेष्ठ सुपुत्र एवम यस विद्यालयका पूर्व. का.मु. प्र.अ. आदरणिय दाजु रघुपति शर्मा, ग्रामविकास आधारभूत विद्यालयका पूर्व प्र.अ विश्वपति शर्मा र यस विद्यालयका पुर्व शिक्षक प्रगती शर्मा लगायत सकल परिवारलाई धन्यवाद दिदै माता शान्ति देविको आत्माको चिर शान्तिको कामना सहित भावपूर्ण श्रद्धाञ्जली अपर्ण गर्दछु।

काठेखोला गाउँपालिका ५ ठुलदुङगामा रहेको श्री वाल विकास आधारभूत विद्यालय यस विद्यालयमा समायोजन तथा एकिकरण कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने विद्यालयका संस्थापकज्यूहरू क्रमशः श्री लिलाधर कँडेल, स्व. नारायणदत्त कँडेल, स्व. गौरिश्वर कँडेल, स्व. रविलाल कँडेल, भुवानी शंकर कँडेल, गोविन्द प्रसाद कँडेल, नन्दलाल कँडेल, तिलक प्रसाद कँडेल, पुतली कँडेल, मनोहरी कँडेल (प्र.अ), गंगा प्रसाद कँडेल, तत्कालिन विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्री भवदत्त कँडेल लगायतका पदाधिकारीज्यूहरू, विद्यालयका प्र.अ. भगवती शर्मा कडेल लगायतका शिक्षक तथा कर्मचारीज्यूहरू लगायतका सम्पूर्ण शिक्षापमी अभिभावकज्युहरू प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु।

यस विद्यालयमा शैक्षिक सत्र २०७९ को वार्षिक परीक्षामा प्रथम, द्बितीय र तृतीय स्थान प्राप्त गर्ने विद्यार्थीहरूलाई पुरस्कार उपलब्ध गराइ सहयोग गर्नुहुने सापकोटा अपसेट प्रेसका संचालक श्री भवानीप्रसाद सापकोटाज्यु तथा आधारभूत तह (कक्षा१-५)मा अध्ययनरत ५ जना विपन्न विद्यार्थीहरूलाई स्टेशनरी सामग्री उपलव्ध गराउनुहुने काठेखोला गाउँपालिका वडा नं. ६ निवासी श्री यमलाल कँडेलज्यु एवम सम्पुर्ण परिवारजन प्रति स-सम्मान हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु।

आजको यस समारोहमा उपस्थित सम्पूर्ण हाम्रा अतिथि, अभिभावक,विद्यार्थी तथा शिक्षकहरूलाई खाजा सहयोग गर्नुहुने काठेखोला गाउँपालिका वडा नं ५ का अध्यक्ष एवं यस कार्यक्रमका सभापति श्री ज्ञामनाथ कँडेलज्यु प्रति आभार व्यक्त गर्दछु।

अन्त्यमा, विद्यालयका प्रमुख गतिविधिहरुलाई चुस्त र दुरूस्त रुपमा प्रतिबेदनमा समेटने यथासक्य प्रयत्न गरेको छु। समावेश गर्नुपर्ने कुनै विषयवस्तु छुट हुनगएमा वा त्रुटिपूर्ण देखिएमा रचनात्मक सुझावको अपेक्षा गर्दछु। विद्यालयलाई यस अवस्थासम्म ल्याइ पुऱ्याउन यहाँहरूले प्रदान गर्नुभएको साथ, सहयोग र सुझाव प्रति उच्च सम्मान गर्दै आगामी दिनमा पनि त्यसको निरन्तरताको

अभिलाषा गर्दछु। विद्यालयको यस ५९ औं वार्षिकोत्सव समारोह लाई विभिन्न कार्यक्रमका साथ व्यवस्थित गराउन आ-आफ्नो जिम्माका कार्यहरुलाई सम्पन्न गर्नुहुने सम्पुर्ण शिक्षक एवं कर्मचारी साथिहरु, अभिभावक, विद्यार्थी भाइवहिनीहरु र यस समारोहमा पाल्नुहुने सवै समाजसेवि, शिक्षाप्रेमी, वुद्धिजिवि, सुरक्षाकर्मी, पत्रकार महानुभावज्युहरुलाई धन्यवाद ज्ञापन गर्दछु।

धन्यवाद!!!

## अनुसूची १
## आय व्यय विवरण २०८०।०८१

खर्च विवरण | आम्दानी विवरण

| सि.नं | विवरण | रकम | सि.नं | विवरण | रकम |
|---|---|---|---|---|---|
| १ | शिक्षक कर्मचारी तलव भत्ता | रु १५,५६९,१४८.१० | १ | शिक्षक कर्मचारी तलव भत्ता निकासा | रु १३,७३१,३६५.०० |
| २ | शिक्षक कर्मचारी पोशाक भत्ता | रु २५५,०००.०० | २ | शिक्षक कर्मचारी पोशाक भत्ता निकासा | रु २५०,०००.०० |
| ३ | विद्यालय वाल पेन्टिङ | रु ५८,०००.०० | ३ | फर्निचर योजना निकासा | रु २८६,३५८.०० |
| ४ | फर्निचर व्यवस्थापन | रु ४१४,६५०.०० | ४ | वालमैत्री धारा निर्माण योजना | रु ६८,९४४.०० |
| ५ | सामाजिक परीक्षण खर्च | रु ५,८८०.०० | ५ | मन्टेश्वरी योजना निकासा | रु ८४८,७२०.०० |
| ६ | विद्यार्थी राजश्व दाखिला | रु १२२,२५०.०० | ६ | नमुना विद्यालय योजना निकासा | रु ३,०००,०००.०० |
| ७ | खेलकुद सामाग्री खरिद | रु २१,२५०.०० | ७ | प्रधानाध्यापक करार सम्झौता अनुदान | रु २००,०००.०० |
| ८ | विद्यालयको वृत्तचित्र निर्माण | रु ५५,०००.०० | ८ | विद्यालय व्यव्स्थापन खर्च निकासा | रु ३०,०००.०० |
| ९ | अक्षयकोष पुरस्कार वितरण | रु ७६,१००.०० | ९ | इन्टरनेट | रु १२,०००.०० |
| १० | खानेपानी टयाङकी निर्माण | रु ३५५,६६३.०० | १० | दलित र छात्रा छात्रावृत्ति निकासा | रु ४६,०००.०० |
| ११ | मुद्यती खाताको टयाक्स भुक्तानी | रु १९६,४५१.०८ | ११ | पाठयपुस्तक निकासा | रु १७५,८४३.०० |
| १२ | खानेपानी धारा निर्माण | रु ५४,१००.०० | १२ | दिवाखाजा व्यवस्थापन निकासा | रु २८२,५५५.०० |
| १३ | विद्यालयको पार्किङ स्थल निर्माण | रु २९६,१०९.०० | १३ | कक्षा १२ परीक्षा व्यव्स्थापन निकासा | रु ७४,५३१.०० |
| १४ | मन्टेश्वरी योजना | रु १,२३८,२८८.४३ | १४ | वुक कर्नर व्यवस्थापन निकासा | रु ७८,४००.०० |
| १५ | कक्षा १२ परीक्षा संचालन तथा व्य | रु ७४,५३१.०० | १५ | केजी कक्षा व्यवस्थापन निकासा | रु ६०,०००.०० |
| १६ | स्टेशनरी व्यवस्थापन | रु ४३,४६०.०० | १६ | सा.ले.प, वि..सु.योजना | रु ४५,०००.०० |
| १७ | नमुना विद्यालय योजना | रु १,०५५,७९६.०० | १७ | वाल विकास कक्षा अनुदान | रु ५,५००.०० |
| १८ | शिक्षक जिम्मेवारी व्यव्स्थापन खर्च | रु २५६,७५७.०० | १८ | उत्कृष्ट विद्यालय प्रोत्साहन अनुदान | रु ३००,०००.०० |
| १९ | मसलन्द खर्च | रु ३२,१४३.४८ | १९ | सहयोग (शिवधुरी वन र अमर केसी) | रु २३०,०००.०० |
| २० | इन्टरनेट | रु ३५,५२१.०० | २० | सावित्री सापकोटा शैक्षिक कल्याणकोष | रु २५,०००.०० |
| २१ | विद्यार्थी छात्रवृत्ति वितरण | रु ३४,८००.०० | २१ | अक्षयकोषको व्याज आम्दानी | रु २७१,५३४.०० |
| २२ | पाठयपुस्तक वितरण | रु २८४,७३८.०० | २२ | मुद्यति खातावाट प्राप्त व्याज | रु १,०८५,६४२.५८ |
| २३ | दिवखाजा व्यवस्थापन | रु १८४,६८८.०० | २३ | लगानी व्याज आम्दानी | रु ८०,७००.०० |
| २४ | पुस्तकालय,प्रयोगशाला भवन निर्माण | रु ४,९३६,७४५.३९ | २४ | विद्यालयको आन्तरिक आम्दानी | रु १,५११,४६६.०० |
| २५ | विद्युल महशुल भुक्तानी | रु ३१,०२५.०० | २५ | विविध आम्दानी तथा छुट निकासा | रु ६१७,६२८.७२ |
| २६ | विविध खर्च | रु १७३,२०७.०० | | | |
| २७ | मर्मत सम्भार | रु ३८८,०६४.०० | | | |
| | यस आर्थिक वर्षको कुल खर्च | रु २६,२४९,३६५.४८ | | यस आर्थिक वर्षको कुल आम्दानी | रु २३,३१७,१८७.३० |
| | यस आर्थिक वर्षको जिम्मेवारी | रु २३,९२६,८२९.७३ | | गत आर्थिक वर्षको जिम्मेवारी | रु २६,८५९,००७.९१ |
| | जम्मा रकम रु | रु ५०,१७६,१९५.२१ | | जम्मा रकम रु | रु ५०,१७६,१९५.२१ |

## वासलात आर्थिक वर्ष २०८०।०८१

| दायित्व | | | आम्दानी | | |
|---|---|---|---|---|---|
| | यस वर्षको खर्च | रु २६,२४९,३६५.४८ | | यस वर्षको आम्दानी | रु २३,३१७,१८७.३० |
| | लगानी | रु २,०२६,०१७.०० | | लगानी | रु २,११६,३१७.०० |
| | लगानी, अक्षयकोष | रु २,७२६,६५५.०० | | लगानी, अक्षयकोष | रु २,५२५,७६६.०० |
| | मुद्दती खाता (नेपाल बैक) | रु १५,०००,०००.०० | | मुद्दती खाता (नेपाल बैक) | रु १५,०००,०००.०० |
| | चल्ती खाता (नेपाल बैक) | रु ४,१०५,१५६.९२ | | चल्ती खाता (नेपाल बैक) | रु ७,०५९,२१४.७१ |
| | चल्ती खाता(सि.वाई.सि. सहकारी) | रु ६९,००६.१४ | | चल्ती खाता (सि.वाई.सि. सहकारी) | रु १५७,३९६.१० |
| | नगद | -रु ५.३३ | | नगद | रु ३१४.१० |
| | यस वर्षसम्मको अल्याह रकम | रु २३,९२६,८२९.७३ | | गत वर्ष सम्मको अल्याह रकम | रु २६,८५९,००७.९१ |
| | कुल अल्याह जम्मा | रु ५०,१७६,१९५.२१ | | कुल अल्याह जम्मा | रु ५०,१७६,१९५.२१ |

## नमुना विद्यालय विकास कार्यक्रम अन्तरगत प्राप्त आम्दानी र खर्चको विवरण
### (आर्थिक वर्ष २०७५।०७६ देखि २०८०।०८१ सम्म)

| विवरण | | नमुना विद्यालय शिर्षकमा भौतिक निर्माण | नमुना विद्यालय शिर्षकमा शैक्षिक तथा व्यवस्थापकिय | आन्तरिक र अन्य अनुदानबाट शैक्षिक तथा व्यवस्थापकिय | जम्मा |
|---|---|---|---|---|---|
| पहिलो वर्ष (२०७५-२०७६) | खर्च | २९२६४०३.०० | ०.०० | १५०३७५३.०० | ४४३०१५६.०० |
| | आम्दानी | २०१०००००.०० | ०.०० | ४३०७३७७.०० | २४४०७३७७.०० |
| दोस्रो वर्ष (२०७६-०७७) | खर्च | २२१५९४३८.०० | २२७४१४०.०० | १०४५५१७.०० | २५४७९०९५.०० |
| | आम्दानी | १५००००००.०० | ३८१००००.०० | ३५८५७८८.०० | २२३९५७८८.०० |
| तस्रो वर्ष (२०७७-२०७८) | खर्च | १८२८६२०८.०० | २०००००.०० | ३८०२८८९.०० | २२२८९०९७.०० |
| | आम्दानी | १५००००००.०० | २०००००.०० | ६४५८६१०.०० | २१६५८६१०.०० |
| चौथो वर्ष (२०७८-२०७९) | खर्च | १३०३१३७०.०० | ३९७०१६०.०० | ४९३२३०६.०० | २१९३३८३६.०० |
| | आम्दानी | ७००००००.०० | ३१७००००.०० | ७४३९३४३.०० | १७६०९३४३.०० |
| पाँचौ वर्ष (२०७९-२०८०) | खर्च | ११७८३३८६.०० | ३९३५७००.०० | ३०६४९१०.०० | १८७८३९९६.०० |
| | आम्दानी | ४९८५०००.०० | ३२०००००.०० | ६४०५४२४.०० | १४५९०४२४.०० |
| छैटौं वर्ष (२०७९-२०८०) | खर्च | ४९३६७४५.३९ | ३२०००००.०० | ३८७९४१२.०० | १२०१६१५७.०० |
| | आम्दानी | ०.०० | ३२०००००.०० | ३८४६३१५.०० | ७०४६३१५.०० |
| | खर्च | ७३१२३५५०.३९ | १३५८००००.०० | १८२२८७८७.०० | १०४९३२३३७.३९ |
| | आम्दानी | ६२०८५०००.०० | १३५८००००.०० | ३२०४२८५७.०० | १०७७०७८५७.०० |
| | बचत /ऋण | -११०३८५५०.३९ | ०.०० | १३८१४०७०.०० | २७७५५१९.६१ |

| सि.नं | विवरण | रकम रु | कैफियत |
|---|---|---|---|
| १ | एकेडेमीक र प्री स्कुलमा भएको खर्च<br>(आ.व २०७५।०६७ देखि २०७७।०७८ सम्म) | ४३३७२०४९.०० | |
| २ | पुस्तकालय तथा प्रयोगशालामा भएको खर्च<br>(आ.व २०७८।०७९ देखि २०८०।०८१ सम्म) | २०६३९९८०.०० | |
| | जम्मा खर्च | ६४०१२०२९.०० | |
| ३ | अन्य पूर्वाधारमा भएको खर्च | 9111521.39 | |
| | कूल जम्मा खर्च | 73123550.39 | |

## अनुसूची २

### शैक्षिक सत्र २०८० को विद्यार्थी विवरण

| कक्षा | जम्मा संख्या | | | दलित विद्यार्थी | | | जनजाती विद्यार्थी | | | अन्य विद्यार्थी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| वाल विकास केन्द्र | ८ | ११ | १९ | ३ | ७ | १० | १ | २ | ३ | ४ | २ | ६ |
| कक्षा १ | १ | १० | ११ | १ | १ | २ | ० | २ | २ | ० | ७ | ७ |
| कक्षा २ | २ | ८ | १० | २ | ६ | ८ | ० | ० | ० | ० | २ | २ |
| कक्षा ३ | १० | ८ | १८ | ६ | २ | ८ | १ | १ | २ | ३ | ४ | ७ |
| कक्षा ४ | ८ | १३ | २१ | ६ | ४ | १० | ० | ३ | ३ | २ | ६ | ८ |
| कक्षा ५ | ९ | १० | १९ | ५ | ३ | ८ | १ | २ | ३ | ३ | ४ | ७ |
| कक्षा १-५ | ३० | ४९ | ७९ | २० | १६ | ३६ | २ | ८ | १० | ८ | २३ | ३१ |
| कक्षा ६ | १२ | १९ | ३१ | ६ | ८ | १४ | २ | १ | ३ | ४ | १० | १४ |
| कक्षा ७ | १७ | १५ | ३२ | ९ | ४ | १३ | १ | ३ | ४ | ७ | ८ | १५ |
| कक्षा ८ | १३ | २२ | ३५ | ६ | ६ | १२ | ३ | ४ | ७ | ४ | १२ | १६ |
| कक्षा ६-८ | ४२ | ५६ | ९८ | २१ | १८ | ३९ | ६ | ८ | १४ | १५ | ३० | ४५ |
| कक्षा ९ | १६ | २६ | ४२ | ८ | १२ | २० | २ | २ | ४ | ६ | १२ | १८ |
| कक्षा १० | २६ | १९ | ४५ | ९ | ८ | १७ | ८ | ५ | १३ | ९ | ६ | १५ |
| कक्षा ९-१० | ४२ | ४५ | ८७ | १७ | २० | ३७ | १० | ७ | १७ | १५ | १८ | ३३ |
| कक्षा ११ | ३६ | २८ | ६४ | १३ | ७ | २० | ७ | ५ | १२ | १६ | १६ | ३२ |
| कक्षा १२ | ३३ | २१ | ५४ | १२ | ५ | १७ | ६ | ३ | ९ | १५ | १३ | २८ |
| कक्षा ११-१२ | ६९ | ४९ | ११८ | २५ | १२ | ३७ | १३ | ८ | २१ | ३१ | २९ | ६० |
| कक्षा १-१२ | १८३ | १९९ | ३८२ | ८३ | ६६ | १४९ | ३१ | ३१ | ६२ | ६९ | १०० | १६९ |
| वाल विकास-कक्षा १२ | १९१ | २१० | ४०१ | ८६ | ७३ | १५९ | ३२ | ३३ | ६५ | ७३ | १०२ | १७५ |

### शैक्षिक सत्र २०८१ को विद्यार्थी विवरण

| कक्षा | जम्मा संख्या | | | दलित विद्यार्थी | | | जनजाती विद्यार्थी | | | नयाँ भर्ना विद्यार्थी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| वाल विकास केन्द्र | ७ | ८ | १५ | ४ | ० | ४ | ० | १ | १ | २ | ५ | ७ |
| कक्षा १ | १ | ६ | ७ | २ | १ | ३ | ० | ० | ० | ० | ० | ० |
| कक्षा २ | १ | ९ | १० | १ | १ | २ | १ | ० | १ | ० | ० | ० |
| कक्षा ३ | ५ | ५ | १० | ३ | ३ | ६ | ० | ० | ० | ० | १ | १ |
| कक्षा ४ | ९ | ५ | १४ | २ | ६ | ८ | ० | ० | ० | ० | ० | ० |
| कक्षा ५ | ९ | १२ | २१ | ४ | ७ | ११ | ३ | ० | ३ | ० | १ | १ |
| कक्षा १-५ | २५ | ३७ | ६२ | १२ | १८ | ३० | ४ | ० | ४ | ० | २ | २ |
| कक्षा ६ | १३ | १८ | ३१ | ६ | ४ | १० | ३ | १० | १३ | २ | ३ | ५ |
| कक्षा ७ | ११ | १३ | २४ | ३ | ६ | ९ | १ | २ | ३ | १ | २ | ३ |

| कक्षा | जम्मा संख्या | | | दलित विद्यार्थी | | | जनजाती विद्यार्थी | | | नयाँ भर्ना विद्यार्थी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| कक्षा ८ | १५ | १५ | ३० | ३ | ६ | ९ | ३ | १ | ४ | ० | ० | ० |
| कक्षा ६-८ | ३९ | ४६ | ८५ | १२ | १६ | २८ | ७ | १३ | २० | ३ | ५ | ८ |
| कक्षा ९ | ३१ | ३५ | ६६ | ११ | १७ | २८ | ६ | ५ | ११ | १५ | १७ | ३२ |
| कक्षा १० | १४ | २२ | ३६ | ९ | ६ | १५ | १ | २ | ३ | ० | ० | ० |
| कक्षा ९-१० | ४५ | ५७ | १०२ | २० | २३ | ४३ | ७ | ७ | १४ | १५ | १७ | ३२ |
| कक्षा ११ | २६ | १९ | ४५ | ९ | ८ | १७ | ८ | ५ | १३ | ० | ० | ० |
| कक्षा १२ | २८ | २३ | ५१ | ५ | ९ | १४ | ५ | २ | ७ | ० | ० | ० |
| कक्षा ११-१२ | ५४ | ४२ | ९६ | १४ | १७ | ३१ | १३ | ७ | २० | ० | ० | ० |
| कक्षा १-१२ | १६३ | १८२ | ३४५ | ५८ | ७४ | १३२ | ३१ | २७ | ५८ | १८ | २४ | ४२ |
| वाल विकास-कक्षा १२ | १७० | १९० | ३६० | ६२ | ७४ | १३६ | ३१ | २८ | ५९ | २० | २९ | ४९ |

## अनुसूची ३

### शैक्षिक सत्र २०८० को वार्षिक परीक्षामा कक्षागत प्रथम द्वितीय र तृतीय हुने विद्यार्थीहरुको विवरण

| कक्षा | प्रथम | द्वितीय | तृतीय |
|---|---|---|---|
| के.जी. | आयान कँडेल (४) | प्रिन्स कँडेल (३.९०) | कृष्टि परियार (३.९०) |
| एक | समर कँडेल (३.७२) | सक्षम कँडेल (३.७२) | अमर गदर्भ (३.७१) |
| दुई | दिवन कँडेल (३.७१) | प्रीयङ्का परियार (३.७१) | युनिस परियार (३.६५) |
| तीन | जानकी सुवेदी (३.८८) | सरु कार्की (३.८१) | भिजन न्यौपाने (३.७६) |
| चार | अमर वहादु घर्ती (३.१९) | निर्मला वि.क. (३.१९) | समुद्र कँडेल (२.७५) |
| पाँच | सहज सापकोटा (३.६८) | अस्मित सापकोटा (३.६८) | आविश्कार पुन (३.४०) |
| छ | शिव कँडेल (३.३३) | नविन वि.क. (३.२४) | सोनाक्षी परियार (२.७५) |
| सात | प्रशान्त कँडेल (३.९१) | यमुना वि.क. (३.६४) | अर्पण दुरा (३.२५) |
| आठ | अंकिता किरण पौडेल (३.८१) | सुयोग जोशी (३.७८) | सफल कँडेल (३.६६) |
| नौ | करुणा कँडेल (३.५४) | सुजता कँडेल (२.८३) | तरिमा दर्जी (२.६५) |
| दश | विनोद परियार (३.३९) | विष्णु कँडेल (३.०७) | आरती कँडेल (३.०३) |
| एघार | सन्दिप सुवेदी (३.१७) | विनिता पुन (३.३१) | गौरव कँडेल (२.६८) |
| वाह्र | विशाल कँडेल (३.५७) | तलसी कँडेल (३.५१) | अनिशा परियार (३.३९) |

## अनुसूची ४

## शैक्षिक सत्र २०७९ मा कार्यरत शिक्षक तथा कर्मचारीको विवरण

| सिनं | तह/श्रेणी | शिक्षकको नामथर | शिक्षक संकेत नं | संचित विरामी विदा | संचित क्या विदा | बार्षिक हाजिरी दिन | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | मावि द्वितिय | भिष्म कँडेल | ६३७५९ | १९७ | १२ | २२५ | |
| २ | मावि तृतिय | रघुपति शर्मा | १५५२५४ | २३४ | ५ | २२२ | |
| ३ | मावि तृतिय | कलिन्द्र कुमार पुन | ६३८८३ | २०६ | ० | १ | |
| ४ | मावि तृतिय | गणेश प्रसाद कँडेल | १६२७०३ | २३६ | १० | २३० | |
| ५ | मावि तृतिय | अग्नीराज जोशी | १६१५०६ | ५८ | ११ | २२४ | |
| ६ | मावि तृतिय | चन्द्र बहादुर नकाल | १८७६३२ | १६ | ८ | २२२ | |
| ७ | मावि द्वितिय | शंकर प्रसाद कँडेल | | ८० | ८ | २२३ | (उमावि) |
| ८ | मावि द्वितिय | दुर्गा बहादुर पुन | | ६९ | ० | २१५ | (उमावि) |
| ९ | मावि तृतिय | भानुभक्त न्यौपाने | | ५५ | ० | १६५ | |
| १० | मावि द्वितिय | स्मिता शर्मा | | ९६ | ७ | २२३ | निजिस्रोत |
| ११ | निमावि तृतिय | राधा शर्मा | १५५२८७ | ९६ | ५ | २२० | |
| १२ | निमावि तृतिय | गणेशमान चालिसे | १६४७६३ | ८९ | १ | १८८ | |
| १३ | निमावि तृतिय | सरस्वती विक | | ११३ | १२ | २३४ | (राहत) |
| १४ | निमावि तृतिय | माया सापकोटा | | ४४ | ७ | १६७ | |
| १५ | प्रावि द्वितिय | यज्ञ प्रसाद शर्मा | ९५७० | ३५८ | ८ | २१२ | |
| १६ | प्रावि द्वितिय | रिषिराम कँडेल | १२२७८६ | १५९ | ६ | २२७ | |
| १७ | प्रावि द्वितिय | भुमिराज कँडेल | १५९२७६ | ३५० | ० | २०६ | |
| १८ | प्रावि तृतिय | डिलाराम कँडेल | १३५०७२ | २५० | ६ | २२३ | |
| १९ | प्रावि तृतिय | गणेश पोख्रेल | १९३६२६ | २० | ० | २१९ | |
| २० | प्रावि तृतिय | पवित्रा सुवेदी | १९४४४५ | १२ | ८ | २३३ | |
| २१ | प्रावि तृतिय | सरस्वती शर्मा | १९३५१९ | १२ | ३ | २१४ | |
| २२ | लेखापाल | दामोदर पौडेल | | ९२ | ७ | २०१ | |
| २३ | प्रावि तृतिय | गंगादत्त कँडेल | | ५९ | ५ | २२७ | निजिस्रोत |
| २४ | प्रावि तृतिय | मणिभद्र कँडेल | | १७१ | ४ | २२७ | |
| २५ | प्रावि तृतिय | पार्वती कँडेल | | ५१ | ३ | २२७ | (राहत) |
| २६ | पुस्तकालय स. | सम्भना कँडेल | | १६४ | ५ | २२८ | निजिस्रोत |
| २७ | सहजकर्ता | लिला कँडेल न्यौपाने | | ५७ | १० | २३१ | |
| २८ | कर्मचारी | कमला कँडेल | | ३७ | ० | २२० | |
| २९ | कर्मचारी | लाल कुमारी क्षेत्री | | १०१ | ६ | २२५ | |